## *“समृद्ध ककनीको आधार: कृषि, पर्यटन र दिगो पुर्वाधार”*

**यस गरिमामय गाउँसभाका उपाध्यक्षज्यू,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यु**

गाउँसभा सदस्यज्यूहरु,

गाउँपालिकाका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार मित्रहरु

सर्वप्रथम म ककनी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन र राजनीनिक क्रान्ति एवं संघर्षलाई म स्मरण गर्न चाहान्छु । जनअधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने महान शहीदहरू प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । हाम्रो ककनी गाउँपालिका अन्तर्गत वडा न. २ को वडाध्यक्ष श्री तिलकबहादुर लामाको असामयिक निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै उहाँ प्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभुति प्रकट गर्दछु । साथै न्यायपूर्ण आन्दोलनको क्रममा घाइते हुनुभएका योद्धाहरु र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ राजनीतिक परिवर्तनको नेतृत्व गर्ने राजनीतिज्ञ एवं आम परिवर्तनकारी जनताप्रति हार्दिक नमन र सम्मान व्यक्त गर्दछु ।

यस ककनी गाउँपालिकाको गाउँसभाको बाह्रौ अधिवेशनमा उपस्थित हुनु हुने गाउँसभा सदस्यज्यूहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु सबैमा गाउँपालिकाको तर्फबाट एवं आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

२०७९ साल वैशाख ३० गतेको दोस्रो ऐतिहासिक स्थानीय तहको निर्वाचन पछिको दोस्रो कार्याकालमा प्रवेश गरेसंगै नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसिको अनुभुती गरेको छु । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम तोकिएका काम, कर्तव्य र अधिकारलाई ईमान्दारीताका साथ पालना ,कार्यान्वयन गर्न तथा गराउन प्रतिवद्धता जाहेर गर्न चाहन्छु । जननिर्वाचित दोस्रो गाउँकार्यपालिकाको प्रमुखको हैसियतबाट गाउँसभाको बाह्रौ अधिवेशन आ.व. २०८०/८१ को वार्षिक नीति, कार्यक्रम तथा वजेट निर्माण तथा कार्यान्वयन गर्ने विशिष्ट जिम्मेवारी दिनु भएकोमा सबै गाउँवासी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

गाउँवासीको क्षमता एवं आर्थिक अवस्थालाई विश्लेषण गरी जनप्रतिनिधी एवं राजस्व परामर्श समितिको सिफारिस अनुसार आगामी आर्थिक वर्ष २०८०/८१ को करका दर र दायराहरुलाई निर्धारण गर्ने नीति अख्तियार गर्दै आगामी आर्थिक वर्षका लागि नीति निर्माण प्रयोजनार्थ यस आर्थिक वर्ष यस पालिकाको हरेक वडाको टोल वस्तीका गाउँवासीहरु, वौद्धिक व्यक्तित्व लगायत सवै सरोकारवालाहरु एंव माननीय सांसदज्यूहरु, राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु लगायत जनप्रतिनिधिहरुको घनिभुत छलफलका आधारमा नेपालको संविधानमा व्यवस्था भएको शिक्षा, स्वास्थ्य, रोजगारी, स्वच्छ वातावरण, सूचना र सामाजिक न्याय जस्ता मौलिक हक एवं राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लेखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवं उन्नतशिल बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय स्तरमै सर्वाङ्गीण विकासको आधारशिला तयार गर्न नीति तथा कार्यक्रमको वाचन मात्रले परिवर्तनको विगुल फुक्न सक्दैन। यसका लागि नीति तथा कार्यक्रममा समावेश गरिएका विषयवस्तुहरु कार्यान्वयन गर्न स्रोत साधन समेतको सुनिश्चित हुनु पर्दछ। नीति तथा कार्यक्रमका प्राथमिकता,स्थानिय आवश्यकता र उपलब्ध स्रोत साधनको यथोचित तालमेल गर्दै आर्थिक वर्ष २०८०/८१ मा समेत विगतको नीति तथा कार्यक्रममा केही परिष्कृत गरी विषय क्षेत्रगत सहितको १८१ बुँदे नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष पेश गर्न गईरहेको छु।

**आदरणीय  गाउँसभा सदस्यज्यूहरु :**

राज्यको पुन संरचनासंगै संघीय सरकार ,प्रदेश सरकार र स्थानीय सरकार गरि ३ तहको सरकारको हक, अधिकार र कर्तव्य संविधानत: निर्दिष्ट गरिएका छन। संविधानमा उल्लेखित एकल तथा साझा अधिकार क्षेत्र र संघीय सरकार तथा प्रदेश सरकारले प्रदान गरेको नीति नियमको परिधि भित्र रहि गाउँकार्यपालिकाको प्रमुखको नाताले आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम तयार गरिएको छ।

आदरणीय गाउँसभा सदस्यज्यूहरु, अब म आ.व २०८०/८१ को नीति तथा कार्यक्रमका सोच, गन्तव्य, लक्ष्य, उद्देश्य, अपेक्षित उपलव्धि तथा प्राथमिकताका क्षेत्रहरु तपशिल वमोजिम प्रस्तुत गर्न चाहन्छु :

**सोच (VISION):**

"समृद्ध ककनीको आधार: कृषि, पर्यटन र दिगो पुर्वाधार"

**गन्तव्य (MISSION):**सार्वजनिक, निजी, साझेदारीको माध्यमवाट आर्थिक तथा सामाजिक विकास गरी समुन्नत समाजको निर्माण गर्ने।

लक्ष्य (GOALS): आर्थिक, सामाजिक, वातावरण, विपद व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन मैत्री प्रशासनको माध्यमबाट दिगो विकासको लक्ष्य हाँसिल गर्ने।

**उद्देश्य (OBJECTIVES):**

- कृषिजन्य उत्पादनमा प्रवर्द्धन, बजारीकरण तथा व्यवसायिकरणको माध्यमवाट आत्मनिर्भर गराउनु,
- पर्यटन पुर्वाधार निर्माण र प्रवर्द्धन तथा प्रचार प्रसारको माध्यमबाट रोजगारीमा वृद्धि गर्नु,
- स्थानीय गौरवका आयोजनालाई प्राथमिकता दिई दिगो पुर्वाधार विकास गर्नु,

- सरोकार निकायहरुसँग समन्वय, सहकार्य र साझेदारीमा जोड दिनु,
- पारर्दशिता तथा सुशासनको प्रत्याभुति दिलाउनु,
- गाउँपालिकाको मौलिक विशेषता र पहिचान प्रवर्द्धनमा सहयोग पुर्याउनु,
- सिपयुक्त दक्ष जनशक्ति विकास गर्नु,
- सामाजिक सुरक्षा,संरक्षण र दिगो शान्तिको विकासमा जोड दिनु,
- वातावरणमैत्री, वालमैत्री, महिलामैत्री तथा अपाङ्गमैत्री स्वच्छ सुन्दर गाउँ निर्माण गर्नु।

**अपेक्षित उपलव्धि:**

- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण सम्पन्न भई सेवा प्रवाह थप व्यवस्थित हुनेछ,
- खानेपानीको सहज व्यवस्थापन भई शुद्ध पानी वितरण भएको हुनेछ,
- गाउँपालिकाका गौरवका केहि आयोजनाहरुको DPR तयार सम्पन्न भएको हुनेछ,
- गाउँका मुख्यमुख्य सडकहरुमा नाली निर्माण, ग्राभेलिङ्ग ,ढलान तथा कालोपत्रे भएको हुनेछ,
- जनप्रतिनिधि तथा कर्मचारीहरुमा अनुभव र क्षमतामा थप परिपक्कता सृजना भई कार्य सम्पादन परिस्कृत भएको हुनेछ,
- राजस्व संकलनमा थप वढोत्तरी भएको हुनेछ,
- कर्मचारी-जनप्रतिनिधि वीच सम्वन्ध सुमधुर कायम भएको हुनेछ,
- सुचना तथा संचारका दृष्टिले गाउँपालिकामा विद्युतिय प्रविधिको प्रयोग वढ्दै गएको हुनेछ,
- गाउँको विकास र समृद्धिमा गाउँवासीको अपनत्व वृद्धि भएको हुनेछ,
- गाउँवासीले स्थानीय सरकारको अनुभुति प्राप्त गरेका हुनेछन्।

**प्राथमिकता:**

माथि उल्लेखित सोच, गन्तव्य, लक्ष्य, उद्देश्य र अपेक्षित उपलव्धिका आधारहरुमा देहाय वमोजिमको विषयगत क्षेत्रहरुमा कुल विकास वजेटबाट रकम वाँडफाँड गर्न आयोजना छनौट गर्ने गरी प्राथमिकता सहितको नीतिगत व्यवस्था मिलाएको छु।

- कृषि
- पर्यटन
- दिगो पुर्वाधार विकास
- संस्थागत संरचना निर्माण,
- शिक्षा, स्वास्थ्य, उद्योग र पशुपालन,

- रोजगारी वृद्धि,
- असमानता र गरिबी न्युनिकरण,
- मानविय क्षमता विकास,
- दिगो विकास र पर्यावरणीय संरक्षण, विपद् व्यवस्थापन,
- शान्ति, सदभाव, सु-व्यवस्था र विधिको शासनको प्रत्याभुति ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

अब म यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्दा अवलम्वन गरिएका मुख्य आधारहरु निम्न अनुसार रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

निम्न :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोततथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति,कानुन तथा मापदण्ड,
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन,
- राजस्व परामर्श समितिको प्रतिवेदन,
- विषयगत समितिका सिफारिस,
- श्रोत तथा वजेट सीमा निर्धारण समितिको सिफारिस,
- बजेट तथा कार्यक्रम समितिको सिफारिस,
- संघीय तथा बाग्मती प्रदेश सरकारको वार्षिक वजेट तथा योजनाहरु,
- संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु,
- दीगो विकास र मार्गचित्र,
- आवधिक योजना,मध्यमकालिन खर्च संरचना, सडक यातायात गुरुयोजना,
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धतावाट सृजित दायित्वहरु,
- निर्वाचनका वेला गाउँवासी सामु गरेका प्रतिवद्धता एव घोषणापत्रहरु,
- वस्ती वस्ति, वडा तथा गाउँपालिकाको भेलामा प्रस्तुति भएका सुझावहरु,

- गाउँपालिकाको आवश्यकता र प्रथामिकता,
- विगतका नीति, योजना, बजेट र कार्यक्रमबाट प्राप्त पृष्टपोषण,
- वडाहरुको जनसंख्या, भुगोल, क्षेत्रफल, खर्चको आवश्यकता तथा राजस्व क्षमता, पुर्वाधारको अवस्था,
- यस क्षेत्रका संघीय सासंदज्यू, प्रदेश सभा सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं विषय विज्ञहरुको सल्लाह सुझाव एवं मार्ग निर्देशन आदि ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

अव म आगामी आ.व २०८०/८१ को नीति तथा कार्यक्रमका उद्देश्यहरु हासिल गर्न देहाय वमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास:**

**(क) कृषि तथा पशुतर्फ**

**१.** "**ककनीको पहिचान ट्राउट, स्ट्रबेरी, किवि, मूला, अँलैंची र तरकारीको सामूहिक उत्पादन र बजारीकरण हाम्रो अभियान**" भन्ने आदर्श वाक्यका साथ आठ ओटै वडाको बृहत्तर, मूख्य कृषि बाली पहिचान गरी सो बालीको उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईनुका साथै कृषि उत्पादन बजारीकरण गर्न कृषि सहकारीहरु संगको सहकार्य र समन्वयमा कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

**२.**"**कृषि आधुनिकिकरणको आधार, प्रविधि र पूर्वाधार**"अभियानका साथ कृषिजन्य वस्तुहरुको व्यावसायिक उत्पादन अभिवृद्धिका लागि आवश्यक पर्ने प्रविधि र औजार अनुदानमा उपलब्ध गराउँदै कृषि पूर्वाधार निर्माणका लागि आवश्यक कार्यक्रमहरु निर्माण गरिनेछ ।

**३.**दिगो भू-व्यवस्थापन सिद्धान्तलाई आत्मसाथ गर्दै माटोको स्वच्छता कायम गर्न, माटोको गुणस्तर सुधार गर्न तथा प्राङ्गारिक खेती प्रवर्द्धन गर्न प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ । ककनी गाउँपालिका भित्र दर्ता भई संचालित सकृय कृषि सहकारी, कृषक समूह तथा कृषि उद्यमीहरु सँग समन्वय गरी सम्पूर्ण वडाहरुमा प्राङ्गारिक गोठे तथा जैविक मल, जैबिक बिषादी उत्पादन र व्यवस्थापन गर्न प्रविधि प्रदान गरिने कार्यक्रमहरु संचालन गरिनेछ ।

४. **"समृद्ध ककनीको आधार: कृषि, पर्यटन र दिगो पूर्वाधार"** भन्ने दिर्घकालिन सोचलाई परिणाममुखी तुल्याउन कृषि उपजको उत्पादकत्व अभिवृद्धि गर्ने उद्देश्यका साथ खाद्यान्न, तरकारी, फलफूल, मसला, तेलहन बालीको उन्नत बीउ/बिरुवा पचास प्रतिशत अनुदानमा वितरण गरि प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध गराई सामुहिक रुपमा सामुहिक खेती कार्यलाई सञ्चालनमा ल्याई व्यवसायीकरणमा जोड दिईनेछ ।

**५. "कृषकसँग कृषि प्राविधिक"** अभियान संचालन गरिनेछ । ककनी गाउँपालिकाको सम्पूर्ण वडाहरुको भौगोलिक विकटतालाई मध्यनजर गरी कृषक स्तरमा प्राविधिक सेवा,परामर्श, प्रविधि हस्तान्तरण तथा किसानको समस्या फिल्ड स्तरमा समाधान गर्न एकिकृत घुम्ति शिविर (बाली उपचार तथा माटो जाँच शिविर) संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. कृषि कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी तुल्याउन आवश्यक कार्यविधि, कानुन निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

७. वास्तविक किसानको पहिचान तथा वर्गिकरणका लागि किसान सुचिकरण तथा किसान परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ।

८. सुन्तला जातका फलफुलको उत्पादनलाई अभिवृद्धि गर्न यस फलमा लाग्ने फल कुहाँउने औंसा किरा नियन्त्रण, व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ।

९. कृषि क्षेत्रलाई पर्यटन क्षेत्र सँग जोड्न तथा ककनीको स्थानीय रैथाने कृषि उत्पादन प्रवर्द्धनका लागि कृषि मेला प्रदर्शनी तथा नमुना खेती उत्पादन प्रदर्शनको लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

१०. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतको पकेट कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागु गरिनेछ । साथै हाल संचालित पकेट तथा यस पालिकाको विशेष कृषि उत्पादनलाई ब्लकको रुपमा स्थापित गर्न संघ, प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ।

११. चाडपर्व लक्षित मौषमी फुलहरु सयपत्री, मखमली, गोदावरी उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरिनेछ।

१२. पालिकालाई मौसमी तथा वहुवर्षिय फलफुलमा आत्मनिर्भर बनाउन हरेक घरमा फरक-फरक ५ थरीका पाचँवटा वहुवर्षिय फलफुलको विरुवा वितरण गरिनेछ। सो प्रकृयाको लागि विभिन्न निकायको समन्वयमा विरुवा उत्पादन नर्सरी संचालनमा ल्याईनेछ,कृषि उपज उत्पादन पश्चात क्षति न्यूनिकरण गर्न चिस्यान घरको थालनी गरिनेछ।

१३.पशुपालन क्षेत्रमा उत्पादन लागत घटाउन आधुनिक यन्त्र, उपकरण(घाँस काट्ने औजार, च्यापकटर काउ म्याट,ट्यामी) तथा साना यन्त्र उपकरण ५०% अनुदानमा वितरण गरिने प्रवन्ध गरिनेछ ।

१४.पशुपंक्षीमा लाग्ने महामारी रोगविरुद्ध आवश्यक पर्ने खोप उपलब्ध गराईने छ। कृषि तथा पशुपंक्षी बीमामा आकर्षण गर्न बीमाको प्रिमियममा ५० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

१५ सामुदायिक कुकुर नियन्त्रणको लागि स्थायी बन्ध्याकरण अभियान संचालन गरिनेछ ।

१६ ककनी गाउँपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाई व्यावसायिकरण तर्फ उन्मूख गराईने छ । सोको लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१७.व्यावसायिक रुपमा पशुपंक्षीपालक कृषकहरुलाई आधुनिक गोठ, खोर तथा थलो निमार्ण गर्न ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

१८.एक घर एक करेसाबारी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

१९.गोठेमलको उत्पादन तथा व्यवस्थापनको लागि गोठ तथा भकारो सुधार कार्यक्रमलाई संचालनमा ल्याईनेछ।

२० जंगली जनावरको टोकाईबाट लाग्ने रेविज रोग बिरुद्धको खोप निःशुल्क रुपमा उपलब्ध गराईनेछ ।

२१.स्थानीय जातका गाई, भैसी र वाख्रामा नश्ल सुधार गर्नको लागी उन्नत जातका व्याडकोबोका अनुदान वितरण कार्यक्रमको व्यवस्था गरिनेछ ।

२२ पशु सेवा शाखाबाट सामान्य पशुपंक्षी रोग सँग सम्बन्धित आवश्यक औंषधी तथा सप्लीमेन्ट निःशुल्क रुपमा वितरणको व्यावस्था गरिनुका साथै.पशुहरुमा आवश्यक पर्ने आहाराको लागि डाले घाँस तथा भुई घाँसका विरुवा वितरण कार्यक्रम ल्याईने छ ।

२३.पशु जन्य तथा महामारीजन्य रोगको लागि आवश्यक वजेटको प्रवन्ध गरिनेछ। वधशाला निर्माणको लागि आवश्यक कानुन तर्जुमा गरी आवश्यक स्रोत साधानको व्यवस्था मिलाईनेछ।

**(ख) उद्योग तथा वाणिज्य तर्फ :**

**२४.** लघु घरेलु तथा साना उद्योगको लागि दर्ता नविकरण क्षमता पुँजी वृद्धि लगायतका कार्यहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरि निरन्तरता दिइनेछ ।

**२५.** स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने उत्पादन मलुक र छिटो प्रतिफल प्राप्त गर्न सकिने उद्यमीलाई प्राथमिकतामा राखि प्रोत्साहन गरिनेछ ।

**२६.**स्थानीय तह भित्र निजी क्षेत्रबाट सञ्चालन हुने सबै प्रकारका उद्योग व्यवसायहरुलाई करको दायरामा ल्याईनेछ ।

**२७.**उपभोक्ताको हक संरक्षणका लागि बजार अनुगमनलाई प्राथमिकताका साथ प्रभाबकारी बनाइने छ ।

२८.गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम MEDPA लाई मागमा आधारित तालिमको रुपमा विकास गर्न आवश्यक वजेटको प्रवन्ध गरिनेछ ।

**२९.**सिप सिकेका प्रशिक्षार्थीहरुलाई सिपसँगै प्रविधि पनि हस्तान्तरण गरिनेछ र लघु उद्यमीबाट सृजना भएका उद्यमीलाई निशुल्क उद्योग दर्ता गर्ने प्रबन्धगरिनेछ ।

३०.गाँउपालिका भित्र सहकारीको दर्ता हाललाई वन्द गरिनेछ र अध्याबधिक गरिने प्रकृयालाई निरन्तरता दिदै अनुगमन गरि वित्तिय सुशासन कायम गर्न जोड दिईनेछ । साथै सहकारीलाई मर्ज गर्न प्रोत्साहित गरिनेछ । साथै स्थानीय तहमा दर्ता भएका सक्षम सहकारीहरुलाई प्रोत्साहित गरिनेछ ।

३१.सहकारी बचत तथा ऋण परिचालन सम्बन्धि मापदण्ड बमोजिम अनुगमन गरिने छ । सबै सहकारीलाई सहकारी तथा गरिवी सम्बन्धि व्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनुका साथै सहकारीको माध्यमवाट व्यवसायिक कृषि घरेलु तथा साना उद्योगको स्थापना गरिनागरिकको जीवन स्तर उठाईनेछ ।

३२. औद्योगिक पुर्वाधार तर्फ उद्योगको विकास, विविधिकरण तथा क्षेत्रगत पहिचानका निम्तिका लागि ककनी गाउँपालिका वडा नं ५ को डाडागाउँ भञ्ज्याङमा औद्योगिक ग्राम निर्माणका लागि वृहत गुरुयोजना तयार गरी निर्माणको प्रकृया अगाडी वढाईनेछ ।

**३३.**फोहोर मैला व्यवस्थापन ऐन निर्माण गरि सार्वजनिक नीजि साझेदारी मार्फत फोहोरलाई मोहोरमा परिणत रगर्न फोहोर प्रशोधन गर्न उद्योग संचालन गर्न संघीय सरकार र विभिन्न सरोकारवाला निकायहरु तथा गैरसरकारी संस्था सँग समन्वय गरिनेछ साथै गाउँपालिकाको वडा नं १,२ र ३ मा फोहरमैला व्यवस्थापन हुँदै आएकोमा फोहर र मानिस एकै ठाउँ वस्न नसक्ने हुँदा जग्गाको मुआब्जा को लागि सरोकारवाला निकाय संग आवश्यक समन्वय र सहजिकरण गरिनेछ ।

**३४.**ककनी गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि लगानी सम्मेलन लाई निरन्तरता दिईनेछ ।

३६.स्ट्रवेरी, किवि, खुर्पानी र कोदोको घरेलु आईरक ब्राण्डिङ् गरी आन्तरिक उत्पादनलाई प्रबर्द्धन लाई निरन्तरता दिईनेछ ।

३७.मापदण्ड विपरित सञ्चालनमा रहेका खानीहरुलाई बन्द गरिनेछ ।

३८.स्ट्रवेरी, किवि, खुर्पानीलाई प्रवर्द्धन गर्न सार्वजनिक निजि साझेदारीको माध्यमवाट उद्योग संचालन गर्न अनुदान तथा सहुलियतका साथै स्थापना भएका उद्योगमा स्थानीय वासीको शेयर सुनिश्चित गर्ने नीति लिईनेछ।

**(ग) युवा तथा रोजगारतर्फ:**

**३९.**स्थानीय तहले सञ्चालन गर्ने **योजना** तथा **आयोजना**हरुमा आवश्यक श्रमिकहरुपूर्ती गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिई काममा लगाउने प्रवन्ध मिलाईनेछ।

४०. गाउँपालिकामा आन्तरीक रोजगारीको वृद्धि गर्ने चिया, कफि,फलफुल तथा जडिबुडीहरु रोप्ने तथा सामुहिक खेतीलाई प्राथमिकता दिई स्थानीय तहको ५ बर्षे रोजगार रणनीति बनाई त्यसलाई प्रभावकारी रुपमा अवलम्बन गर्नको लागी आवश्यक स्रोत साधनको पहिचान गरी प्रभावकारी रुपमा प्रयोग गरिनेछ

४१. "श्रमको सम्मान, राष्ट्रको अभियान" सम्बन्धी रणनीति, २०७८ लाई थप प्रभावकारी गरीनेछ र रोजगार सेवा केन्द्रको संस्थागत विकासमा जोड दिईनेछ ।

४२. बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक पुर्वाधार विकास निर्माणमा काम खटाउनु पुर्व अभिमुखिकरण तथा तालिमको व्यवस्था गरी विकास निर्माणको कामलाई थप गुणस्तरीय तथा प्रभावकारी बनाईनेछ।

४३. बैदेशिक रोजगारीमा गएका तथा बैदेशिक रोजगारीबाट फर्केका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन (पार्थचित्र) बनाई, वैदेशिक रोजगारमा संलग्न तथा फर्केका कामदार र तिनका परिवारको हितका लागि वित्तिय साक्षरता सम्बन्धी अभिमुखीकरण गरिनेछ।

४४.वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउनको लागी बैदेशिक रोजगारी सम्बन्धि आवश्यक सचेतनामुलक कार्यक्रम र श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीमा सहजिकरण गरिनेछ।

४५.बढ्दो शैक्षिक बेरोजगार न्यूनीकरण गर्न SEE/+2 पछि कुन बिषय पढ्दा भविष्यमा बेरोजगार बस्न पर्दैन भनी श्रम बजार सम्बन्धि मा.वि. स्तरीय करिअर परामर्श (Career Counseling) कार्यक्रम संचालन गरिनुका साथै कामदारहरूको उद्धार तथा राहत र सामाजिक सुरक्षामा सहजिकरण गरिनेछ।सम्पुर्ण वडाहरुसँग साझेदारी गरी योजनाहरुलाई थप प्रभावकारी ढंगले सम्पन्न गर्ने गरि सञ्चालन गरि सुचिकृत वेरोजगार व्यक्तिहरुमध्ये उत्कृष्ट कार्य सम्मन्न गर्ने वेरोजगार व्यक्तिलाई लाई सम्मान गरिनेछ।

४६. परम्परागत पेशा गरीरहेका व्यक्तिहरुलाई दक्षताको परिक्षण गर्न व्यवसायीक शिक्षा तथा तालिम परिषद (CTEVT) बाट सिप परिक्षण गर्न रोजगार सेवा केन्द्रद्वारा समन्वय गरी कार्यरत मजदुरहरुको दक्षता, सिप र अनुभवको आधारमा अभिलेखन, श्रम बैङ्कको स्थापनागर्ने र श्रम बैङ्कमा सुचीकृत व्यक्तिहरुलाई उनीहरुको दक्षता, सिप र अनुभवको आधारमा निजी क्षेत्र तथा सरकारी क्षेत्रसँग समन्वय गरी काममा लगाउने व्यवस्था मिलाईनेछ।

४७. मन्त्रालयको सहजिकरणमा वैदेशिक रोजगारबाट फर्केका नेपाली कामदारहरुको पारिवारीक पुनर्मिलन तथा सामाजिक पुनएकीकरणका लागि पुनर्एकीकरण कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। गाउँपालिका अन्तर्गत रहेका सुचिकृत शिक्षित बेरोजगार व्यक्तिहरुलाई रोजगारीको प्रत्याभुति हुने गरी एडभान्स तालिमको व्यवस्था गरी स्वरोजगार बन्न उत्प्रेरणा गरिनुका साथै सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ साथै सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभुति गराईनेछ।

४८. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने ५० दिने सिपमुलक तालिमहरुमा सहभागी र ५०दिन सार्वजनिक पुर्वाधार विकास निर्माणमा काममा खटाई, सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीको प्रत्याभुती हुने गरी स्वरोजगार बन्न उत्प्रेरित गरीनेछ।

## (घ) पर्यटन तथा संस्कृति क्षेत्रतर्फ

४९.नुवाकोटको गौरब ककनी हाइट, गौणेश्वर, फुङ्फुङ झरना, लौके झरना, गर्वास क्षेत्र, भुलवुले झरना,मन्दोलाल छाँगा झरना, हवेली डाडा लगायतका क्षेत्रहरुलाई समेटी विशेष पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्यटकिय गुरुयोजना निर्माण गरी **पर्यटकिय क्षेत्र** घोषणा गरि आन्तरिक आम्दानीको मुख्य श्रोतको रुपमा कायम गर्न पहल गरिनेछ।

५०.पालिका भित्र आन्तरिक तथा वाहय पर्यटकलाई आकर्षित गर्नका लागि जिपलाईन, वन्जि जम्प, हिलवे, वालक्याप, क्यानोनिङ, क्लाइम्विङ, भिडियोतार र प्याराग्लाईडिङको सम्भाव्यता अध्ययन गरिनेछ।

५१.ककनी अन्तरगतका मन्दिर, गुम्बा, चैत्यहरुको आबश्यकता अनुसार पहिचान निर्माण मर्मत तथ संबर्धन तथा प्रबर्धन गरिनेछ। साथै होमस्टे कार्यक्रम, पर्यटन स्थल पहुँच मार्ग निर्माण तथा स्तरीकरणमा जोड दिईनेछ।

५२.ऐतिहासिक बसन्ती दरवार र रुम्वाराजाको दरवारको अध्ययन अनुसन्धान गरी संरक्षण र सम्बर्धन गरिनेछ।

५३.ककनी गाउँपालिकाको सांस्कृतिक तथा पर्यटन प्रवर्द्धनको लागि होर्डिङ वोर्ड मार्फत प्रचार प्रसार गरिनेछ।

५४.आन्तरिक पर्यटन प्रवर्द्धन गर्न ककनी हाईटको पिकनिक स्पटको व्यव्स्थापन तथा व्यवस्थापकीय पक्ष सुधार गर्ने नीति अवलम्बन गरिनेछ।

५५.गाउँपालिका क्षेत्र भित्रको ऐतिहासिक एवं परातात्विक सम्पदा तथा स्थानहरु जस्तै गुम्वा, चर्च, मठमन्दिर, पाटीपौवा, चौतारा, सतल, ताल तलैया, कुवा, पंधेरो, ढुंगेधारा, अन्तिम दाहसंस्कार गर्ने घाट लगायतलाई जीवन्त राख्न संरक्षणको लागि आवश्यक पहल गरिनेछ।

५६.स्थानीय स्तरको धर्म,कला, भाषा, भेष भुषा . सभ्यता, संगीत,नृत्य र संस्कृतिको संरक्षण, सम्वर्धन र प्रचार प्रसार गर्ने कार्यक्रमहरुलाई व्यवस्थित रुपमा कार्यान्वियनमा लगिनेछ।

५७.रुम्बाराजाको दरवार गुफाको संरक्षणतथा तामाङ राष्ट्रिय संग्राहलय स्थापना गर्न सरोकारवाला निकायहरु सँग आवश्यक पहल गरिनेछ।

५८.दलित वर्गको स्थानीय कला सिपको प्रवर्धन र संरक्षण गर्न उनीहरुले अपनाउदै आएको पेशालाई थप परिष्कृत गराउन तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

५९.विभिन्न राजनैतिक परिवर्तन तथा आन्दोलनमा सहादत प्राप्त गरेका सहिदहरुको उपयुक्त स्थान पहिचान गरि सालिक निर्माण गरिनेछ।

६०.भवन निर्माण आचार सहिता पुर्णरुपमा पालना गर्दै पालिकाका प्रत्येक घर धुरीलाई अभिलेखिकरणको प्रकृयामा ल्याईनेछ।

६१.पालिकाको मुख्य वजारहरुमा ढल पानीको उचित व्यवस्थापनमा ध्यान दिइनेछ नयाँ भवन निर्माण गर्दा पुर्ण रुपमा भवन निर्माण मापदण्ड अनिवार्य गरिनेछ।

६२.आफ्नै वडा कार्यालयहरु नभएका वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माणका लागि डिजाईन नापन नक्सा गरेर मात्र आवश्यक प्रकृया अगाडी वढाइनेछ।

६३.उपभोक्ता समितिको जनश्रमदान बराबरको रकम धरौटि राखेर मात्र सम्झौता प्रकृया अगाडि बढाइनेछ र उपभोक्ता सिमित मार्फत सम्झौता हुन नआएका योजनाहरुलाई ठेक्का मार्फत प्रकृया अगाडी वढाउने नीति अवलम्बन गराईनेछ ।

**(ङ) खानेपानी पुर्वाधार तथा सरसफाई कार्यक्रम तर्फ:**

**६४."एक घर एक धारा"**कार्यक्रमलाई निरन्तरता दिदै क्रमिक रुपमा बाँकी रहेका गाउँहरुमा आवश्यक धाराहरुको निर्माण गरि **"एक घर एक धारा सुनिश्चित वडा"** घोषणा गर्दै लगिनेछ । पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिने नीति अवलम्वन गरिनेछ ।

**६५."शुद्ध पानी स्वच्छ जिन्दगानी"** भन्ने आदर्श वाक्यलाई मध्यनजर गर्दै पानीका मुहानहरु रिचार्ज गर्दै शुद्धिकरणमा विशेष ध्यान दिदै सवै जनतामा स्वच्छ खानेपानीको पहुँच पुर्याईनेछ ।

**(च ) ऊर्जा, वैकल्पिक उर्जातर्फ:**

६६.गाउँपालिकाको फोहरमैला व्यवस्थापन गर्न पालिकास्तरको फोहरमैला व्यवस्थापन निर्देशिका तथा मापदण्ड तयार गरी कार्यान्वयनका साथै फोहोर मैला ब्यबस्थापन क्षेत्रमा बैकल्पिक उर्जा (बायो ग्यास) सम्बन्धि अध्ययन गर्दै फोहोरवाट ककनी गाउँपालिका भन्दा वाहिरवाट आउने फोहोर मैला सेवा शुल्क लिईनेछ ।

**(छ) सिचाईं तर्फ:**

**६७."खेती योग्य जमीनलाई गरौ जोत कृषिलाई बनाउ मनग्य आम्दानीको स्रोत"**भन्ने आदर्श वाक्यका साथ साना, ठुला सिंचाइका कुलो नहरहरुलाई ब्यबस्थित गर्दै सहज व्यवस्थापनको निम्ति उचित बजेट तथा कार्यक्रमलाई अगाडी बढाइनेछ ।

६८.सम्भाव्य क्षेत्र पहिचान गरी लिफ्ट सिंचाई लगायतका वैकल्पिक प्रविधिको अधिकतम उपयोग गर्न प्रदेश सरकार सँग सहकार्य गरिनेछ । साना तथा मझौला सिंचाईको विस्तार र सुदृढिकरण गरिनेछ ।

**(ज) सडक, पुल तथा झोलुङ्गे पुल तर्फ:**

६९.बृहत सडक गुरुयोजना निर्माण गरी कार्यान्वन गरिने छ ।

७०.ककनी गाउँपालिक भित्रको ८ ओटै वडा जोडने गरी चक्रपथ निर्माण निरन्तरता गरिनेछ ।

७१.बाह्रै महिनापालिका केन्द्र देखि प्रत्येक वडा जोड्ने मुख्यमुख्य बाटोहरुलाई स्तर उन्नती गर्दै नाली बनाइ ग्राबेल वा ढलानको तथा कालोपत्रे कार्यालाई क्रमस अगाडी बदाउदै बाह्रै महिना वडा सम्मको यातायातको पहुँचलाई सहजता बनाउनको लागी बजेटको प्रवन्ध गरिनेछ ।

७२.सहायक सडकहरुमा समेत आवश्यक मर्मत गर्दै स्तर उन्नतिको कामलाई निरन्तरता दिईनेछ ।

७३.खोला, खोल्सिहरुमाकलभर्ट रकजवे निर्माणकार्य आवश्यकता अनुसार अगाडी बढाइनेछ ।

७४.पुराना सडकको विस्तार, स्तरोन्नतीगर्दै लगिनेछ भने नयाँ ट्र्याक खोल्ने कामलाई बन्द गरिनेछ।

७५.आवश्यकता पहिचान गरी झोलुङ्गे पुलहरुको निर्माण कार्यलाई विस्तार गरिनेछ ।

७६.ककनी गाउँपालिकाबाट अन्य स्थानीय तह जोडने पक्की पुल निर्माणका लागि आवश्यकता अनुसार डिपिआर तयार लगायतको कार्य प्रकृया अगाडी वढाउन पहल गरिनेछ।

**सामाजिक विकास:**

**(क) शिक्षा :**

७७.हरेक विद्यालयमा कम्तीमा एक-एक प्रारम्भिक बालबिकास केन्द्रको व्यवस्थापन गर्दा दरवन्दि/अनुदान कोटा अपुग भएका २ वटा विद्यालयहरुमा गाउँपालिकाबाट नै अनुमति तथा सञ्चालन प्रबन्ध मिलाई **"एक विद्यालय एक प्रारम्भिक बालबिकास केन्द्र"** को प्रबन्ध सुनिश्चित गरिनेछ।

**७८."सामुदायिक विद्यालयको सुधार गाउँपालिको प्रमुख कार्यभार"** भन्ने आदर्श वाक्यका साथ गाउँ पालिकाभित्रका विद्यालयहरुमा शिक्षण सिकाइ अनुदान वितरणलाई व्यवस्थित बनाई सबै विद्यालयमा शिक्षक अभाव हुन नदिन मापदण्ड तयार गरी **"स्वयंसेवक शिक्षक"** मार्फत कक्षागत र विषयगत शिक्षकहरुको व्यवस्थापन गरिनेछ।

७९.महिला शिक्षक प्रसुती विदामा बस्दा विद्यालयमा हुन सक्ने शिक्षण असहजता व्यवस्थापन गर्न ३ महिनाका लागि **स्वयंसेवक** शिक्षकको व्यवस्थापन गरिदै आएको कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

८०.पालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा अध्ययन गर्ने क्रममा MBBS र BE अध्ययन गर्ने २ जना विद्यार्थीलाई पालिकाबाट जारी भएको कार्यविधि अनुसार **छात्रवृत्ति** प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

८१.गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा "स्काउट युनिट" क्रमिक रुपमा संस्थागत गर्दै लगिनेछ।

**८२."एक वडा एक नमुना बालबिकास कार्यक्रम"**लाई निरन्तरता प्रदान गरिनेछ।

**८३."विद्यालय एक सिप अनेक"** कार्यक्रमको ढाँचा तयार गरी गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरुमा यसै आ.ब.देखि आरम्भ गरिनेछ।

८४.विद्यालयमा दिवा खाजाको व्यवस्थापन गर्न विशेष सहयोग अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

८५.बालबिकास केन्द्रका शिक्षक,विद्यालय सहायक र सहयोगी कर्मचारीहरुलाई विगत देखि उपलब्ध गराउदै आएको न्यूनतम पारिश्रमिकको सुनिश्चिततालाई निरन्तरता प्रदान गरिनेछ।

८६.बाउन्न वर्ष उमेर पुरा भएका तथा स्व-ईच्छामा अवकास भई जान चाहने शिक्षकका लागि स्वीकृत कार्यविधि अनुसारको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८७.विद्यालयहरुको कक्षा ८, SEE र १२ मा उत्कृष्ठ नतिजा ल्याउने शिक्षक तथा विद्यार्थीलाई पुरस्कार प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८८.शिक्षण सहयोगका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरु सहज उपलब्ध गराउन विशेष प्रबन्ध गरिनेछ।

८९.शिक्षकहरुको क्षमता विकास, कार्यसम्पादन करार सम्झौता, पुरस्कार र सम्मान, अभिभावक शिक्षा, अतिरिक्त कृयाकलाप, हरित विद्यालय, एक विद्यालय एक करेसाबारी जस्ता क्रियाकलाप मार्फत विद्यालयको आन्तरिक र वाहय वातावरणमा सुधार ल्याइनेछ।

९०.विद्यालयहरु संगको लागत साझेदारीमा 'एक शिक्षक एक ल्याप्टप, एक कक्षाकोठा एक प्रोजेक्टर' को अवधारणा मार्फत विद्यालयहरुलाई थप सूचना प्रविधिमैत्री बनाइनेछ।

९१.माध्यमिक तहमा एक लाईब्रेरियनको प्रबन्ध क्रमश मिलाउँदै लगिनेछ।

९२.ROOM TO READ को साझेदारीमा कक्षा १,२ र ३ मा बालमैत्री बसाई व्यवस्थापन तथा सिकाइका लागि साक्षरता कार्यक्रम क्रमिक रुपमा सञ्चालन गरिनेछ।

९३.विश्व खाद्य कार्यक्रमको सहयोगमा विद्यालयहरुमा भान्सा घर निर्माण तथा विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिदैं "पत्रु खाना निषेध गर्ने" नीति अवलम्बन गरी Home Grown (स्थानीय उत्पादन) खाजा लाई प्रोत्साहित गरिनेछ।

९४.हाल गाउँपालिका भित्र प्राविधिक धार सञ्चालन भई रहेका र भविष्यमा सञ्चालन हुने विद्यालयहरुलाई विशेष सहयोग अनुदान प्रदान गरिनेछ।

९५.संघीय सरकार, प्रदेश सरकार र गैर सरकारी संस्थासंगको साझेदारी र सहयोगमा विद्यालयको भौतिक पुर्वाधार निर्माण तथा सुधार कार्यलाई निरन्तरता दिइनेछ।

९६."अध्यक्ष संग विद्यार्थी" कार्यक्रमको ढाँचा तयार गरि कार्यान्वयन गरिने छ।

९७.दलित तथा अति विपन्न विद्यार्थीहरुको क्षमता विकासका लागि विशेष प्राथमिकता र सहयोग उपलब्ध गराइनेछ।

९८.स्थानीय मातृभाषाको संरक्षण र विकासका लागि आवश्यक कार्यक्रमहरु तयार गरी लागु गरिनेछ

**(ख) युवा तथा खेलकुद :**

९९. खेलकुदको संस्थागत विकास गर्न गाउँपालिकामा छुट्टै जनशक्ति व्यवस्थापन गरी कानुनी, संस्थागत तथा संरचनागत प्रबन्ध मिलाइनेछ।

१००.समग्र खेलकुद क्षेत्रको विकास र विस्तारका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद सम्बन्धी गतिविधिलाई गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग गर्ने व्यवस्था मिलाईनेछ।

१०१.गाउँपालिकामा खेलकुद प्रशिक्षकको प्रबन्ध गरी खेलकुदका गतिविधिहरुलाई प्रभावकारी गराईनेछ भने विद्यालयहरुमा खेलकुद शिक्षक र सामग्रीको उपलब्धता क्रमश मिलाउँदै लगिनेछ।

१०२.प्रत्येक वडामा एक खेलकूद मैदान निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ र जनप्रतिनिधि, कर्मचारी र शिक्षक मैत्रीपुर्ण खेल संचालन गरिनेछ साथै सामुदायिक विद्यालयहरुमा खेलकुद मैदानको स्तर उन्नती क्रमश गर्दै लगिनेछ।

१०३.सरोकारवाला निकायको सहयोगमा गाउँपालिका केन्द्रमा बहुउद्देश्यीय कवर्ड हल निर्माण गर्ने कार्यको आरम्भ गरि गाउँपालिकाको वडा नं ४ मा रहेको खेलकुद मैदानलाई थप स्तरोन्नती गरिनेछ।

१०४.विद्यालयका लागि खेल शिक्षक, संगित शिक्षक, नृत्य शिक्षक, कला शिक्षक तथा खेलकुद सामग्री र म्युजिकल सामग्रीहरुको प्रबन्ध क्रमश मिलाउँदै लगिनेछ।

१०५.सहयोगी निकायहरु संगको समन्वय र सहकार्यमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०६.युवाहरुको आर्थिक विकास र सशक्तिकरणका लागि मागमा आधारित सिप विकास तालिम सञ्चालन गरिनेछ।

१०७.युवा स्वयंसेवक विकास र परिचालनका कार्यक्रमहरु तयार गरी लागु गरिनेछ।

१०८.युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा वहस पैरवी कार्यक्रमको थालनी गरिनेछ।

**(ग) वातावरण तथा विपद व्यवस्थापन:**

१०९.गाउँपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको स्थानीय विपद् व्यवस्थापन कार्यविधिलाई समायानुकुल परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ। साथै विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

११०.गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट सर्वसाधारणको जीउधन सुरक्षा गर्न र आवश्यक आर्थिक सहयोग उपलब्ध गराउन, प्रकोप नियन्त्रण गर्न र भौतिक संरचनाको संरक्षण गर्न पालिका स्तरीय विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरि कार्यायिन्वयनमा लगिनेछ।

१११.पालिका अन्तरगतका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा अग्नि नियन्त्रण सिलिण्डर क्रमिक रुपमा व्यवस्थापन गर्दै लगिनेछ साथै जिल्ला वन कार्यालयको सहकार्यमा फायर एक्जिष्टिङ लाईनको निर्माण गरी बन क्षेत्रमा हुने सम्भावित डडेलो न्युनिकरण गरि विपद जन्य जोखिम न्युनिकरणका लागि विद्यालय स्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

११२.वनका कारण मानव जीवन तथा कृषि बालीमा परेको प्रतिकुल प्रभाव नियन्त्रण गर्न गाउँपालिका र जिल्ला वन कार्यालयको समन्वयमा क्षतीपूर्ति प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ।

११३.गाउँपालिकाको पहिरोले जोखिम जन्य स्थान र वाँझो जग्गाहरुमा वृक्षारोपण कार्यलाई सघन रुपमा अगाडी वढाईनेछ।

११४.वातावरण अध्ययन प्रतिवेदन (IEE) ले औल्याएको स्थानबाट मात्र खानी तथा नदिजन्य सामाग्री उत्खनन गर्ने गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

११५.पालिकास्तरमा विपद् बाट सृजना हुन सक्ने क्षति न्युनिकरण गर्न तथा पिडितलाई सहयोग पुर्याउन आवश्यक त्रिपाल, खाध्यान्न सामग्री, भाडाकुडा जस्ता तत्काल राहत पुर्याउने सामग्रीहरुको पालिका स्तरमा Stock राख्ने प्रबन्ध मिलाईनुका साथै संघसंस्थाहरु समेतको सहभागितामा पालिकास्तरका युवाहरुको संलग्नता वढाई विपद् उद्धार कार्य टोली (Task Force) परिचालन गरिनेछ।

११६.सार्वजनिक संस्थाहरु जस्तो गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी आदिको वरिपरि हरियाली बनाउन सम्बन्धित संस्थालाई जिम्मेवार बनाईनेछ।

११७.सामुदायिक वन उपभोक्ता समिति ककनी र ककनी गाउँपालिकाको साझेदारीमा वातावरण संरक्षण तथा वृक्ष रोपण कार्यलाई निरन्तरता दिईनेछ।

११८.सरकारी पर्ति जग्गा, खाली जग्गा, भिरालो पहिरो रोकथामको लागि वृक्षरोपण कार्यलाई वडा अध्यक्षको नेतृत्वमा प्रभावकारी रुपमा संचालन गराईनेछ।

**(घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ:**

११९.गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक पुर्वाधारको विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१२०.आर्थिक तथा सामाजिक रुपमा पछी परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकको सामाजिक, आर्थिक उत्थानका लागि सिपमलुक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१२१.आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका, अति विपन्न, दिर्घ रोगी, शारीरिक तथा मानसिक रुपमा अस्वस्थ भएका व्यक्तिहरुलाई दिईने आर्थिक सहायता कार्यविधि अनुरुपको सहयोगलाई निरन्तरता दिईनेछ।

१२२.किशोरीहरुको सुरक्षाका लागि आत्मरक्षाको तालिम सञ्चालन गरिनेछ।

१२३.घरेलु हिंसा अन्त्यका लागि बहस, पैरबी तथा जनचेतना मूलक अभियानका साथै सशक्तिकरण तथा नेतृत्व विकास सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२४.बालश्रम, बालविवाह र दाईजो जस्ता प्रथा रोक्नका लागि वडास्तरीय जनचेतनामलूक कार्यक्रम सञ्चालन गरिनेछ।

१२५.जेष्ठ नागरिक, सहिद, वेपत्ता तथा घाईते अपाङ्ग परिवारका सदस्यहरुलाई राज्यमा पुर्याएको योगदानको कदर गर्दै सम्मानका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२६."एकल महिलासँग उपाध्यक्ष" कार्यक्रम मार्फत एकल महिला सञ्जाल गठन गरी निजहरुलाई आयआर्जन कृयाकलापमा संलग्न गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१२७.दलित तथा एकल महिलाको रोजगारीका लागि आवश्यक तालिमको प्रबन्ध मिलाईनुका साथै एकिकृत नमुना आरन र एकिकृत नमुना सिलाइ केन्द्र सञ्चालनमा ल्याईनेछ।

**(ङ) स्वास्थ्य तर्फ :**

१२८.गाउँपालिकाको केन्द्रको प्राथमिक स्वास्थ्य केन्द्रलाई दश शैयाँको आधारभुत अस्पताल निर्माण कार्यलाई तिव्रता दिदै अस्थायी भवनबाट नै ईमर्जेन्सि सेवा सहित ECG, ल्याब सेवा,गर्भवतीलाई भिडियो एक्सरे सहितको चिकित्सकीय सेवा दिइनेछ र पालिकाबाट मासिक रुपमा संचालन गरिने चिकित्सक सहितको ग्रामिण भिडियो एक्स-रे सेवा सबै स्वास्थ्य संस्थाहरुमा सुरुवात गरिनेछ।

१२९.स्वास्थ्य संस्थाहरुमा सेवाग्राहिहरुको चापलाई मध्यनजर गरि हाल ककनी गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा रिक्त रहेको डाक्टर(MBBS) सहितको दरबन्दी अनुसार कर्मचारी पदपुर्ति गरिनेछ र सेवा प्रवाहमा आवश्यकता अनुसार थप जनशक्तिको व्यबस्थापन गरिनेछ।

१३०.ककनी प्राथमिक स्वास्थ्य केन्द्र लगायत सबै स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रमा नेपाल सरकारबाट सुचिकृत भएका नि:शुल्क वितरण गरिने गुणस्तरिय औषधीहरु नियमित रुपमा आपुर्ति गरी आम नागरिकलाई औषधीको नियमितता गरिनेछ। ककनी प्राथमिक स्वास्थ्य केन्द्रमा नि:शुल्क औषधी बितरण बाहेक अन्य अत्यावश्यक औषधीको लागि फार्मेसी सेवालाई थप व्यबस्थित गरिनेछ।

१३१.स्वास्थ्य सेवालाई चुस्त दुरुस्त बनाई सिसडोल स्वास्थ्य चौकीमा काठमाण्डौ महानगरबाट खटिएका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई गाउँपालिका प्रति उत्तरदायी बनाईने छ।

१३२.हाल सञ्चालनमा भएका ककनी प्राथमिक स्वास्थ्य केन्द्र र सिसडोल स्वास्थ्य चौकीको ल्याव सेवालाई थप गुणस्तरीयता कायम गरी चाउथे स्वास्थ्य चौकीमा यसै आ.व. देखि ल्याव सेवा सञ्चालन गरिनेछ।

१३३. दिर्घ रोगी, अशक्त तथा आर्थिक रुपमा पछाडी परेका जनसमुदायहरुलाई बिमा बोर्डसँग समन्वय गरी नि:शुल्क स्वास्थ्य सेवा दिलाउन पहल गरिने छ र सबै वडामा स्वास्थ्य बिमा दर्ता सहयोगि नियुक्त गरि स्वास्थ्य बिमा गराउन र त्यस बाट लाभ दिलाउन गाउँपालिका बाट बिशेष पहल गरिने छ।

१३४.एक वडा एक एम्बुलेन्स कार्यक्रमलाई क्रमश निरन्तरता दिदै गाउँपालिकामा सञ्चललन भएको एम्बुलेन्स सेवालाई कार्यविधिबाट ब्यबस्थित गरि क्रमिक रुपमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

१३५.यस गाउँपालिका अन्तर्गत रहेका प्रसुती गृह (बर्थिङ सेन्टर) हरु बाट २४ घण्टे सेवा निरन्तर दिइनेछ र चतुराले स्वास्थ्य चौकी र चाउथे स्वास्थ्य चौकीमा सुत्केरी गराउन आउने सेवाग्राहीहरुको लागि WAITING HOME को स्थापना गरि खाने बस्ने ब्यबस्था गरिने छ।

१३६.यस गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुलाई भौतिक रुपमा सुबिधा सम्पन्न बनाइनेछ। साथै गाउँघर क्लिनिक र खोप क्लिनिकहरुको मर्मत सम्भार गरि थप ब्यबस्थित गरिने छ।

१३७.गाउँपालिकाका सम्पुर्ण बालबालिकालाई पूर्ण खोप लगाईने छ साथै जङ्गली जनावरको टोकाईबाट लाग्ने रेबिज रोग र टिटि बिरूद्धको खोप निःशुल्क उपलब्ध गराईने प्रबन्ध गरिने छ।

१३८. स्वास्थ्य शाखा र विभिन्न स्वास्थ्य संस्थाहरुमा दैनिक कार्यालय सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरि वित्तिय अनुशासन कायम गरि अनुदानका कार्यलाई प्राथमिकता दिदै चाउथे स्वास्थ्य चौकी र थान्सिङ स्वास्थ्य चौकी अन्तर्गत निर्माण सम्पन्न हुने भवनमा स्वास्थ्य संस्था स्थानान्तरण गरिने छ ।

१३९.स्वास्थ्य संस्था ब्यबस्थापन समिति, स्वास्थ्यकर्मी कर्मचारी तथा महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई समय सापेक्ष विभिन्न स्वास्थ्यका कार्यक्रम सम्बन्धी क्षमता विकास तालिमको निरन्तरता गरिनेछ र महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई चुस्त दुरुस्त बनाई विशेष सम्मानको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१४०.फोहोरमैला प्रभाबित क्षेत्रका स्थानीय जनताहरुको स्वास्थ्यमा फोहोरमैलाका कारण परेका अल्पकालीन तथा दिर्घकालीन असर सम्बन्धी बृहत अध्ययन/अनुसन्धान गरिनेछ साथै विभिन्न महामारीजन्य रोग रोकथाम तथा नियन्त्रणकालागि पालिका स्तरिय आर.आर.टी. गठन गरि परिचालन गरिनेछ ।

१४१.पोषिलो खानपिन सम्बन्धी ब्यबहार परिवर्तन गर्न बिभिन्न प्रकारका जनचेतना सम्बन्धी कार्यक्रमहरु सन्चालन गरिनुका साथै ३ वटा स्वास्थ्य संस्थामा बृहत पोषण कर्नर बनाईने छ र क्रमश अरु स्वास्थ्य संस्थाहरुमा पनि बिस्तार गरिनेछ ।

१४२.महिलाहरुको प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याहरु पहिचान गरि आङ् खस्ने समस्या समाधान गर्न सघन रुपमा महिला लक्षित स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

१४३.जेष्ठ नागरिकहरुको स्वास्थ्य समस्या समाधान गर्न अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै निजि क्षेत्र संगको सहयोगमा पालिकाको सम्पुर्ण वडाहरुमा बृहत स्वास्थ्य शिबिर सन्चालन गरिनेछ।

१४४.कार्यक्रमहरुको सुचाङ्क र सेवा प्रवाहको गुणस्तरियता कायम गर्न ईलेक्ट्रोनिक तरिकाले स्वास्थ्य सुचनाहरु सङ्ग्रह गर्न बिशेष पहल गरिने छ र स्वास्थ्य सुचाङ्कमा उच्च प्रगति गर्ने उत्कृष्ट स्वास्थ्य संस्था र कर्मचारी घोषणा गरिनेछ ।

१४५."गर्भवतिसंग उपाध्यक्ष" कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

१४६.प्रत्येक बिद्यालयहरुमा प्राथमिक उपचारको ब्यबस्था गरि माध्यमिक विद्यालयहरुमा प्रदेश सरकारको समन्वयमा विद्यालय नर्स कार्यक्रम क्रमश विस्तार गर्दै लगिनुका साथै शिक्षा र स्वास्थ्य कार्यक्रमलाई एकिकृत रुपमा कार्यक्रम तर्जुमा गरि विद्यालयहरुमा लगी साथै स्थानीय तह र रेडक्रस संग सम्झौता गरि निःशुल्क रगत उपलब्ध गराईने कार्यलाई प्राथमिकता दिईनेछ ।

**(च) सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ**

१४७.घटना दर्ता प्रोत्साहन तथा अन्य लिङ्गी भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ । ककनी गाउँपालिकाभित्रका पुर्ण अपांग भएका ब्यक्तिहरुमध्ये अत्यन्त न्युन आर्थिक अवस्था भएका ब्यक्तिहरुको पहिचान गरी सामाजिक संरक्षणको कार्यक्रम संचालन गरिनेछ ।

१४८.पञ्जिकरण कार्यक्रमको महत्वबारे बिद्यालय स्तरका बालबालिकाहरुलाई सचेतना गरी तोकिएको समयभित्र घटना दर्ता गर्न गराउन प्रोत्साहित गरिनेछ र जनप्रतिनिधी तथा कर्मचारीहरुलाई पंजिकरण विभाग तथा जिल्ला प्रशासन कार्यालयको समन्वयमा क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

**(३) सस्थांगत विकास तथा सेवा प्रवाह :**

१४९.गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भईसके पश्चात एकद्वार प्रणाली मार्फत सेवाग्राही मैत्री सेवा प्रवाहको आरम्भ गरिनेछ ।

१५०.प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको अध्यक्षसंग र शाखा प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत संग हरेक वर्षको श्रावण मसान्त भित्रै कार्यसम्पादन करार गर्ने परिपाटीलाई संस्थागत गरी उत्कृष्ठ कार्य सम्पादन गर्न थप जिम्मेवार वनाईनेछ ।

१५१.वेरुजु फछर्यौटलाई प्राथमिकतामा राखी लेखा समितिको क्षमता विकासको माध्यमवाट सक्षम वनाई वेरुजु फर्छयौटको कार्यलाई तिव्रता दिई आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त, दुरुस्त र मितव्ययी रुपमा संचालन गर्न मापदण्ड निर्धारण गरि लागु गरिनेछ । साथै आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षकवाट औल्याईएका वेरुजुलाई फछर्यौट गर्न दायित्व भएका शाखालाई वेरुजु फर्छयौटको मासिक रुपमा प्रगति विवरण कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाईनेछ ।

१५२.गाउँसभाबाट स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुकुल हुने गरी जनशक्ति व्यवस्थापन गरिनेछ साथै जनप्रतिनिधि र कर्मचारीहरुका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी सेवाको गुणस्तरमा सुधार गरिनेछ ।

१५३.गाउँकार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई एकिकृत रुपमा संचालन गर्न एकिकृत घुम्ती सेवाको माध्यमबाट सेवा प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५४.गुनासो सुनुवाई, संकलन र सम्बोधन गर्न हरेक वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा गुनासोपेटिका राख्ने प्रबन्ध अनिवार्य गर्दै सार्वजनिक सुनुवाइ, गुनासो सम्बोधन र फर्छयौटलाई संस्थागत गरिनेछ ।

१५५.गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवालाई **"मुस्कान सहितको एक द्वार प्रणाली "** मार्फत सरल र सहज बनाइनेछ साथै स्थानीय तहमा शान्ति सुरक्षा तथा अमनचयम कायम गर्न गाँउ प्रहरीको व्यवस्था गरी कार्यान्वयनमा ल्याईनेछ ।

१५६.गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुलाई अनलाईन पद्दतीमा क्रमश आवद्ध गराउदै सुचना प्रविधिको प्रयोगमा जोड दिई संस्थागत विकास गर्दै लगिनेछ ।

१५७.करका नयाँ क्षेत्रहरु पहिचान गरी करका दरहरुलाई घटाउँदै दायरा वृद्धि गरी करदाता मैत्री कर प्रशासन विकास गरिनेछ ।

१५८.सार्वजनिक सेवामा हुने चालु खर्चलाई मितव्ययी बनाउँदै पुँजीगत खर्चलाई दिगो, उत्पादनशिल र छिटो प्रतिफल दिने क्षेत्रमा लगानी वढाउँदै लगिनेछ।

१५९.गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थामा कर्मचारी लगबुकको प्रबन्ध मिलाइनेछ।

१६०.गाउँ कार्यपालिकाको प्रशासकीय भवनलाई सेवाग्राहीमैत्री बनाउनका लागि Help Desk, Digital वडा पत्र, ईजलास कक्ष, वालवालिका वगैँचा, स्वच्छ पिउने पानी, स्तनपान कक्ष, अपाङ्ग मैत्री शौचालय, सेवाग्राहीलाई सहयोग गर्न मौजुदा जनशक्तिबाट सहजकर्ताको प्रबन्ध गरिनेछ।

१६१.शारीरिक रुपमा अशक्त नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता नागरिकको घर दैलोमा पुर्याउन आवश्यक समन्वय गरिनेछ।

१६२. न्यायिक समिति -अन्तरपालिका समन्वयात्मक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

१६३.पालिकास्तर तथा आठै वटा वडामा मेलमिलाप केन्द्र सञ्चालन तथा ब्यवस्थापन सुब्यवस्थित र प्रभावकारी बनाउन उचित वजेटको व्यवस्था गरि मेलमिलापकर्ताको लागि कानुनी परामर्श तथा पुनर्ताजगी तालिम तथा मनोसामाजिक परामर्शका कार्यक्रम गरिनेछ।

१६४.विषयगत समितिको क्षमता विकास गर्दै सो सम्बन्धि छुट्टै नियमावली जारी गरी कार्यान्वयन गरिनेछ।

१६५.गाउँपालिकाको कार्यालयवाट सम्पादन गरिएका विभिन्न कार्यहरु, गाउँपालिकाको आम्दानी र खर्चको विवरण प्रत्येक चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गरिनेछ।

१६६.गाउँसभाबाट स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरुको वार्षिक कार्यान्वयन योजना तयार तथा स्वीकृत गरेर मात्र आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१६७.उपभोक्ता समितिको कामलाई थप जिम्मेवार वनाउन सार्वजनिक परिक्षणलाई अझ प्रभावकारी वनाउन जोड दिईनेछ।

१६८.ककनी गाउँपालिकाको विकास निर्माण तथा विभिन्न गाउँपालिका अन्तरगत सञ्चालित अन्य कार्यक्रम लाई थप व्यवस्थित वनाउन अनुगमनमा संलग्न पदाधिकारीहरुलाई क्षमता विकास तालिम प्रदान गरि थप व्यवस्थित गरिनेछ।

१६९.करार सेवाको कर्मचारीहरुलाई क्रमश सामाजिक सुरक्षा कोष, कर्मचारी संचय कोष, नागरिक लगानी कोषमा आवद्ध गर्दै लगिनेछ।

१७०.गाउँसभा र कार्यपालिका बैठक व्यवस्थापन सम्बन्धि मापदण्डको पालना तथा कार्यपालिकाको मर्यादाक्रम निर्धारण गरि विकास गरिनेछ।

१७१.ककनी गाउँपालिका अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा सुशासन समितिको परामर्श वमोजिम गरिनुका साथै लक्षित वर्गलाई सरकारी सेवामा प्रवेश गर्नका निम्ति शसक्तिकरण कार्यक्रम अन्तरगत लोकसेवा आयोगको तयारी कक्षा संचालन गरिनेछ।

१७२.अन्तरस्थानिय तह समन्य तथा सहकार्य गरी असल अभ्यासहरुको खोजको माध्यमवाट उत्कृष्ठ गाउपालिकाको रुपमा विकाश गर्न आवश्यक पहल गरिनेछ र कार्यपालिका सदस्यरुले एक महिनामा एक दिन श्रमदान गर्ने कार्यलाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ

१७३.सरोकार निकायहरुसँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालनमा जोड दिईनेछ।

१७४.मर्मत सम्भार कोष, विपद् व्यवस्थापन कोष, उपदान कोष,कल्याणकारी कोष ,समपुरक कोष, साझेदारी कोषमा आवश्यकता अनुसार वजेटको प्रवन्ध गरिनेछ।

१७५.स्थानीय तहको संस्थागत स्वमुल्याकन (lisa) , प्राकृतिक श्रोत तथा वित्त आयोगको मापदण्ड स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याकन कार्यविधि २०७७ एवं आर्थिक विकास मुल्यांकन जस्ता मापदण्डहरुलाई कार्यान्यनमा ल्याई गाँउपालिकाको कार्यसम्पादन स्तर बढोत्तरी गर्न जनप्रतिनिधि तथा कर्मचारीलाई सशक्तिकरणको माध्यमवाट थप जिम्मेवार बनाईनेछ।

१७६.ककनी गाउँपालिकाका आर्थिक कारोवार गर्दा भुक्तानी गर्दा EFT Electronic Fund Transfer लाई क्रमश विस्तार गर्दै राजश्व प्रणालीलाई सरल समसमायिक रुपमा प्रविधिमैत्री वनाउदै एकरुपता कायम गर्न SUTRA लाई क्रमश विस्तार गर्दै र जिन्सी ब्यवस्थापनलाई प्रभावकारी बनाउन अनिवार्य रुपमा PAMS Software को प्रयोग गरि काम नलाग्ने अवस्थामा पुगेका सामानलाई लिलामीको प्रकृया अगाडी बढाईनेछ।

**(क) सुचना प्रविधि शाखा तर्फ**

१७७.पालिकाका डाटाहरुलाई एकिकृत वनाउन Centralized Data System लाई संचालनमा ल्याईनेछ

१७८. गाउँपालिका र वडा कार्यालय, स्वास्थ्य संस्थाहरुका साथै मुख्य मुख्य वजार, व्यापारिक क्षेत्र, सार्वजनिक संस्थाहरु रहेको स्थानमा सिसि टिभि र सोलार वत्ति जडान कार्यलाई निरन्तरता दिदै सुरक्षित समाज निर्माणमा जोड दिइ विद्यालयहरुलाई विद्युतिय प्रणाली मार्फत सेवा प्रवाह गरिनेछ।

१७९. सुची दर्ता, वडाका सिफारिसलाई डिजिटल रुपमा रुपान्तरण गर्ने, थप प्रभावकारी र व्यवस्थित वनाउन सुचना प्रविधिको प्रयोगमा कर्मचारीलाई सक्षम वनाई कार्यान्वयनमा जोड दिन यथेष्ट बजेटको प्रवन्ध गरिनेछ।

१८०.गाउँपालिकाको समग्र विषयवस्तुलाई समेटी सुचना प्रवाहलाई फराकिलो वनाउन मोवाईल एप्लिकेषण निर्माण गरि थप प्रभावकारी वनाईनेछ।

१८१.गाउँपालिकाको भौगोलिक, वस्तुगत र सामाजिक तथा आर्थिक अवस्थाको चित्रण गरि एकिकृत डाटा संकलन गर्न ई भिलेज प्रोफाईल , स्थानीय आर्थिक सर्वेक्षण निर्माण गरिनेछ।

उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयनका लागि चालु तर्फ ४२ करोड र पुँजीगत तर्फ १९ करोड गरी जम्मा ६१ करोड को प्रारम्भिक आय र व्यय अनुमान पेश गरेको छु।

**सभाका सदस्यज्यूहरु**

स्थानीयतह भित्र उत्पादन र उत्पादकत्व वृद्धि, पर्यटन क्षेत्रको प्रचार प्रसार, दिगो पूर्वाधार विकासको माध्यमवाट समृद्ध ककनीको आधार तय गर्न नीति तथा कार्यक्रम सहयोग हुने विश्वास लिएको छु।

यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको निम्ति सङ्घीय सरकार, स्थानीय तह र सरोकारवाला सवैको सक्रिय सहभागीता र सहयोगको अपेक्षा गरेको छु।

अन्त्यमाः

ककनी गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउनुहुने जन प्रतिनिधि, राष्ट्र सेवा कर्मचारी लगायत सरोकारवाला सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।


सुमन तामाङ (सज्जन)

अध्यक्ष

ककनी गाउँपालिका


मिति : २०८०/३/८ गते शुक्रवार